**आकाशवाणी समाचार- नेपाली**
मितिः ०७ जून २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले पश्चिम बंगाललाई देशद्रोह अनि अपराधबाट पूर्णरुपमा मुक्त गरिने बताउनुभएको छ।

- पश्चिम बंगालका कैबिनेट मंत्री अग्निमित्रा पॉल आजदेखि उत्तर बंगालको दुई दिने भ्रममा रहनुहुनेछ।

- उत्तर 24 परगना जिल्ला अन्तर्गत सन्देशखाली क्षेत्रमा राज्य पुलिसको स्पेशल टास्क फोर्स (एसटीएफ)-ले हिज केही स्थानहरूमा व्यापक रूपमा छापामारी गरी भारी मात्रामा अवैध हतियार जफत गरेको छ।

- गोर्खा जनमुक्ति मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अध्यक्ष बिमल गुरुङ आगामी 12 जून खरसाङ भ्रमणमा आउने भएका छन्।

- फिफा विश्व कप 2026 लाई स्वागत गर्दै खरसाङ महकुमा खेलकूद संघद्वारा आज बिभिन्न खेलकूद संस्था एवं खेलप्रेमीहरुलाई लिएर एउटा र्‍यालीको आयोजना गर्ने भएको छ।

**शुभेंदु अधिकारी**

पश्चिम बंगालका मुख्यमंत्री शुभेंदु अधिकारीले पश्चिम बंगाललाई देशद्रोह अनि अपराधबाट पूर्णरुपमा मुक्त गरिने बताउनुभएको छ। कोलकातामा आयोजित 'सनातन चेतना एवं रामराज्य जागरण' कार्यक्रमलाई संबोधित गर्दै मुख्यमंत्री अधिकारीले राज्यको सुरक्षा, सांस्कृतिक पहिचान अनि धार्मिक स्थलहरुको विकासबारे धेरै महत्वपूर्ण कुराहरु बताउनुभयो। हिज साझ आयोजित कार्यक्रमलाई संबोधित गर्दै उहाले भन्नुभयो "देशलाई सुरक्षित बनाउनको लागि बंगाललाई सुरक्षित बनाउनु आवश्यक छ। उहाले भन्नुभयो -राज्यका मानिसहरुले म माथि भरोसा गरेका छन् यसको निम्ति म आभारी छु र बंगाललाई अपराध अनि देशद्रोहबाट मुक्त बनाउनेछु। आफ्नो संबोधनमा अधिकारीले दावी गर्नुभयो कि उहालाई बंगालमा कानून-व्यवस्था अनि सामाजिक स्थिरता सुनिश्चित गर्ने जिम्मेवारी सुम्पिएको छ र यसलाई प्रभावी ढंगमा निभाईनेछ। उहाले कोलकातालाई देशको सांस्कृतिक राजधानी मात्र नरहेर आध्यात्मिक राजधानी पनि बताउनुभयो।

**पश्चिम बंगाल-धार्मिक स्थल**

पश्चिम बंगालका मुख्यमंत्री सुभेंदु अधिकारीले भन्नुभएको छ कि भारतीय जनता पार्टी सरकारले प्रमुख धार्मिक स्थलहरु , दक्षिणेश्वर अनि कालीघाट मंदिरहरुमा सुविधाहरु बढ़ाउनको लागि विकास कार्य गर्नेछ। मुख्यमंत्रीले भन्नुभयो कि गंगा सागर मेलालाई अंतरराष्ट्रीय मानकहरु अनुरूप बनाउने कार्य शुरू भैसकेको छ , साथै दक्षिणेश्वर अनि कालीघाट जस्ता प्रमुख धार्मिक स्थलहरुको सुविधामा पनि सुधार गरिनेछ। पूर्व तृणमूल कांग्रेस सरकार माथि मुख्यमंत्रीले आरोप लगाउनुभयो कि बिगत 15 बर्षहरुमा पश्चिम बंगाल रोजगारका अवसरहरुको कमी अनि भ्रष्टाचारले ग्रस्त रह्यो। श्री अधिकारीले भन्नुभयो कि तृणमूल कांग्रेस शासनको अवधि विकासको सट्टा तुष्टिकरणको राजनीतिलाई प्राथमिकता दिईयो। पश्चिम बंगाललाई एक पवित्र आध्यात्मिक भूमि बताउनु हुँदै श्री अधिकारीले तुष्टीकरण, अराजकता अनि निवेशको कमीको युग अब समाप्त भएको बताउनुभयो। राज्य सरकार अनि केंद्रसितको तालमेलले विकासलाई गति दिने उहाले अझ बताउनुभयो।

**अग्निमित्रा पॉल - सिलीगुड़ी भ्रमण**

पश्चिम बंगालका कैबिनेट मंत्री अग्निमित्रा पॉल आजदेखि उत्तर बंगालको दुई दिने भ्रममा रहनुहुनेछ। उहा आज बिहान 9 बजे सिलगडी स्थित बागडोगरा हवाई अड्डा आईपिग्नुहुनेछ। नगर पालिका कार्य, महिला एवं बाल विकास एवं सामाजिक कल्याण मंत्री श्रीमती पॉलले बिहान 10 बजे उत्तर बंगालको मिनी सचिवालय उत्तर कन्यामा उत्तर बंगालका महिला एवं बाल विकास विभागका अधिकारिहरुसित बैठक गर्नुहुनेछ। लगभग 11 बजे, श्रीमती पॉलको उत्तर बंगालका नगर पालिका कार्य विभागका अधिकारिहरुसित बैठक गर्ने कार्यक्रम रहेको छ। श्रीमती पॉलले आज दार्जिलिंग अनि कलिम्पोंग जिल्लाका अधिकारिहरुसित बैठक तथा पहाड़ी क्षेत्रमा राज्य सरकारको कल्याणकारी योजनाहरुको कार्यान्वयनको समीक्षा पनि गर्नुहुनेछ।

**शन्देशखली – हतियार जफत**

पश्चिम बङ्गालको उत्तर 24 परगना जिल्ला अन्तर्गत सन्देशखाली क्षेत्रमा राज्य पुलिसको स्पेशल टास्क फोर्स (एसटीएफ)-ले हिज केही स्थानहरूमा व्यापक रूपमा छापामारी गरी भारी मात्रामा अवैध हतियार जफत गरेको छ। यस कारबाहीमा अहिलेसम्ममा 6 जनालाई पक्राउ गरिसकिएको छ। सूत्र अनुसार सरबेरिया, आकुञ्जीपाड़ा, बसन्ती अनि कुमड़ेखाली सहित केही स्थानहरूमा एकसाथ छापामारी गरियो। गुप्त सूचनाको आधारमा गरिएको यस कारबाहीमा एसटीएफसित बशिरहाट जिल्ला पुलिस अनि बारासात पुलिस जिल्लाको टोली पनि सामेल थियो। अभियान अवधि सुरक्षाको लागि केन्द्रिय बलहरूलाई पनि तैनाथ गरिएको थियो। पुलिसले सरबेरिया बजारको नजिकै अवस्थित केही ठेगानाहरूबाट अहिलेसम्ममा 17 वटाभन्दा अधिक आग्नेयास्त्र र 35 राउण्ड गोली जफत गरिसकेको छ। यस अतिरिक्त पुकुर (तलाउ)-मा लुकाएर राखिएको केही हतियारहरू पनि जफत गरिएको छ। पुलिस सूत्रले दाबी गरेको छ, यस मामिलामा पक्रा पर्ने सबै आरोपीहरू कथित रूपमा क्षेत्रका प्रभावशाली नेता शेख शाहजहाँको निकटवर्ती रहेको बताइएको छ। साथै मणिपुर ग्राम पञ्चायतका प्रमुख र तृणमूल कङ्ग्रेसका नेता प्रसनजीत गाङ्गुलीको आवासमा पनि छापा मारेको बताइएको छ।

**एनटीए - नीट अफवाह**

राष्ट्रीय परीक्षण एजेंसीले सोशल मीडिया अनि मैसेजिंग प्लेटफॉर्ममा प्रसारित भैरहेको नीट (यूजी) 2026 पुनर्परीक्षाको प्रश्न पत्रको कथित रूपमा लीक, अग्रिम पहुंच वा बिक्रीसित सम्बंधित झुठो खबरहरुको खंडन गरेको छ। एजेंसीले भनेको छ कि यी छात्रहरु अनि उनीहरुका परिवारहरुको चिंताको लाभ उठाउने संगठित फर्जी गिरोहहरुको काम हो। एजेंसीली जोर दिंदै भनेको छ कि परीक्षा प्रक्रियाको निष्पक्षता पूर्ण रुपमा बनिएको छ अनि उम्मीदवारहरुका लागि निष्पक्ष अनि सुरक्षित परीक्षा सुनिश्चित गर्न सबै आवश्यक सुरक्षा उपाय गरिएको छ।

**बिमल गुरुङ- खरसाङ भ्रमण**

गोर्खा जनमुक्ति मोर्चाको केन्द्रिय संस्थापक अध्यक्ष अध्यक्ष बिमल गुरुङ आगामी 12 जून खरसाङ भ्रमणमा आउने भएका छन्। यसैगरी, आगामी 28 जूनका दिन खरसाङमा गोजमुमोको विशाल बिजय जुलुस हुने भएको छ।

***यस कार्यक्रमहरूलाई लिएर छलफल गर्न हिज खरसाङमा गोर्खा जनमुक्ति मोर्चाको सांगठनिक सभा सम्पन्न भयो। सभामा गोजमुमोको सांगठनिक गतिविधि र आगामी दिनका रणनीतिहरु साथै कार्यक्रमहरु विषयमा चर्चा परिचर्चा गरियो। सभामा गोजमुमो केन्द्रिय उपाध्यक्ष प्रदीप प्रधान, खरसाङ महकुमा समितिका सभापति एवं पूर्व सभासद योगेन्द्र राई, महकुमा सचिव रोहित स्याङ्बो लगायत अन्य पदाधिकारीहरु उपस्थित रहेका थिए। सभामा खरसाङ टाउन कमिटी पनि गठन गरियो।***

***गोजमुमो केन्द्रिय उपाध्यक्ष प्रदीप प्रधानले विशाल बिजय जुलुस खरसाङको जनतालाई लिएर मात्र आयोजना गरिने जानकारी गराए। बिजय र्‍याली खरसाङको बस टर्मिनलदेखि शुरु भएर राष्ट्रिय राजमार्ग 110 हुँदै खरसाङ बजार भएर नयाँ बजारस्थित सार्वजनिक भवनमा पुगेर समापन हुनेछ।***

**गोर्खाल्याण्ड एक्टिभिष्ट समूह**

सिलगढीलाई छुट्टै जिल्ला बनाउँदा दार्जिलिङ पहाडलाई धैरै असुविधा हुने र गोर्खाल्याण्डको मागलाई धक्का पुग्ने भनी गोर्खाल्याण्ड एक्टिभिष्ट समूहले बताएको छ। सिलगढीलाई छुट्टै जिल्ला बनाउने विषयमा खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर गोर्खाल्याण्ड एक्टिभिष्ट समूहले यसको विरोध जनाएका छन्। पत्रकारहरुलाई सम्बोधन गर्दै गोर्खाल्याण्ड एक्टिभिष्ट समूहको तर्फबाट युवा प्रभारी आदर्श मंगरले सिलगढीलाई छुट्टै जिल्ला बनाए हामीलाई के कस्तो असुविधा हुन्छ र हामीले पुराना कुरा कसरी दर्शाउन सक्छौं साथै यस विषयमा गोर्खाहरुले के गर्नु पर्ने भन्ने विषयमा गोर्खाल्याण्ड एक्टिभिष्ट समूहले काम गरिरहेको बताए। उनले सिलगढी अलग जिल्ला भएपछि हामीलाई धैरै असुविधा हुन्छ भन्दै यस विषयमा मिडियाले पनि सक्रिय प्रचार प्रसार गरिदिने निवेदन गरेका छन्।

**खरसाङ महकुमा खेलकूद संघ**

फिफा विश्व कप 2026 लाई स्वागत गर्दै खरसाङ महकुमा खेलकूद संघद्वारा पछिल्लो संस्करणहरु जस्तै खरसाङमा आज बिभिन्न खेलकूद संस्था एवं खेलप्रेमीहरुलाई लिएर एउटा ऱ्यालीको आयोजना गर्ने भएको छ। आगामी 12 जूनदेखि फिफा विश्व कप 2026 पुरुष फुटबलको 23 औं संस्करण प्रारम्भ भइरहेको छ। यसपाली यो विश्व कप फुटबल प्रतियोगिता अमेरिका, क्यानाडा अनि मेक्सिकोमा भइरहेको छ भने यस पाली 48 वटा देशहरुले प्रतिस्पर्धा गरिरहेका छन्।पछिल्लो संस्करणसम्म केवल 32 वटा देशहरुले मात्र यो महाकुम्भमा भाग लिन पाउँथे। यसै कुरोलाई ध्यानमा राख्दै पहाडको एक खेलकूद संस्था खरसाङ महकुमा खेलकूद संघले आज खरसाङमा एउटा ऱ्यालीको आयोजना गरेको छ। ऱ्याली बिहान 10 बजेर 30 मिनेट जनद शुरु हुने छ, ऱ्याली खरसाङको मोटर स्ट्याण्डदेखि शुरु भएर अस्पताल मोड़, बर्ध्दवान रोड भई पुनः मोटर स्ट्याण्डमा आएर समाप्त हुने भएको छ।

****** ० ******